# सुनवल नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन विद्येयक, २०७७

**प्रस्तावना** : सुनवल नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था एवम् समितिहरुलाई नियमन गरी यस नगर क्षेत्र भित्र खानेपानी धारा जडान तथा महशुल लाई एकरुपता कायम गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड "ध" १ र २ मा रहेको अधिकार र सोही ऐनको दफा १०२ को अधिकार प्रयोग गरी सुनवल नगरपालिकाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुनवल नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन सुनवल नगरपालिका भित्र तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"ऐन"** भन्नाले सुनवल नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था एवम् समिति व्यवस्थापन ऐन, २०७७ लाई सम्झनु पर्छ ।

(ख) **"उपभोक्ता"** भन्नाले खानेपानी संग सम्वन्धीत सेवा उपयोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले सुनवल नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) **"नगरपालिका"** भन्नाले सुनवल नगरपालिका सम्झनु पर्छ ।

(ङ) **"प्रमुख"** भन्नाले सुनवल नगरपालिकाकोनगरप्रमुख सम्झनु पर्छ ।

(च) **"उप-प्रमुख"** भन्नाले सुनवल नगरपालिकाको नगरउप-प्रमुखलाई सम्झनु पर्छ ।

(छ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले सुनवल नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) **"नगरस्तरीय खानेपानी व्यवस्थापन समिति"** भन्नाले नगरपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाई योजनाहरुको व्यवस्थापन गर्न गठित समिति सम्झनु पर्दछ ।

(झ) "खानेपानी" भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनु पर्छ ।

ञ) "धारा" भन्नाले खानेपानीको उपभोग गर्नको निमित्त नगरपालिका वा अन्य सरकारी कार्यालय वा संघसंस्था वा कुनै व्यक्तिका नाममा जडान गरीएको धारा सम्झनु पर्छ ।

ट) “महसुल” भन्नाले धाराको सुविधा उपभोग गरे वापत उपभोक्ताले उक्त खानेपानी तथा सरसफाई उपभोक्तासंस्था एवम् समितिलाई यस ऐन बमोजिम बुझाउनु पर्ने खानेपानी सेवा महसुल सम्झनु पर्छ ।

(ठ) “खानेपानी उपभोक्ता संस्था एवम्समिति” भन्नाले प्रचलित कानुन बमोजिम यस अघि गठन भएका वा हुने खानेपानी तथा सरसफाई उपभोक्ता संस्था एवम्समितिलाई सम्झनु पर्दछ ।

(ड) “मर्मत सम्भार कार्यकर्ता” भन्नाले खानेपानी योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त हेरालु तथा मर्मत संभार गर्ने व्यक्तिलाई जनाउँछ ।

(ढ) “उपभोक्ता” भन्नाले योजना निर्माणमा योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागि नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता संस्था एवम्समितिको निर्णय वमोजिम धारावाट पानी उपभोग गर्न समावेश भएकोसङ्घसंस्थावा व्यक्तिलाई जनाउँछ ।

(ण) “मर्मत सम्भार कार्ययोजना” भन्नाले योजनाको नियमित रेखदेख तथा मर्मत संभारको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

(त) “पानी सुरक्षा योजना” भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलु स्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषण (जोखिम) को सम्भावनालाई अग्रिम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

(थ) “आमभेला” भन्नाले खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ६७% (दुई तिहाई) घरहरुवाट प्रतिनिधित्व भएको भेलालाई जनाउँछ ।

(द) “जलस्रोत समिति” भन्नाले प्रचलित कानुन बमोजिमको जलश्रोत समितिलाई सम्झनु पर्दछ ।

(ध) “सुचिकृत भएको” भन्नाले यस नगरपालिकामा सुचिकृत भएको खानेपानी तथा सरसफाई व्यवस्थापन उपभोक्ता संस्था एवम्समिति सम्झनु पर्दछ ।

**३. उपभोक्ता समिति सुचिकृत गर्नु पर्ने** : (१) सुनवल नगरपालिका भित्र यो ऐनलागु हुनु अगाडि वा यो ऐन लागु भएपछि कानुन बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थावासमिति सुनवल नगरपालिकामा सुचिकृत गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सुचिकृत हुनका लागि अनुसुची (१) बमोजिमको निवेदन नगरपालिकामा पेश गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिमको निबेदन प्राप्त भएपछि दफा (२) बमोजिमको समितिको निर्णय अनुसार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले अनुसुची (२) बमोजिमको सुचिकृत प्रमाणपत्र उपलब्ध गराउने छ ।

**४. खानेपानी व्यवस्थापन समिति** : (१) नगरपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था एवम्समितिहरुलाई व्यवस्थापन गरी महसुल निर्धारण, खानेपानी धारा जडान तथा खानेपानीको महसुल निर्धारण गर्नमा एकरुपता कायम गर्न नगरपालिका भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई सहयोग एवं समन्वय गरी नगर भित्रका उपभोक्ताहरुलाई स्वच्छ खानेपानी नियमित आपूर्तिमा मद्दत पुऱ्याउन निम्नानुसारको नगरपालिका स्तरीय खानेपानी व्यवस्थापन समिति रहने छ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) उप प्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक बिकाससमितिको संयोजक | सदस्य |
| (ङ) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको तर्फबाट नगर प्रमुखले मनोनित गरेको २ जना | सदस्य |
| (च) नगर कार्यपालिका सदस्यबाट एक जना महिला सदस्य | सदस्य |
| (छ) भौतिक पूर्वाधार बिकास समितिको संयोजक | सदस्य |
| (च) सम्वन्धित शाखा प्रमुख | सदस्य सचिब |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार बिषय विज्ञ, कर्मचारी र सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिने छ ।

**५. खानेपानी व्यवस्थापन समितिको काम ,कर्तव्य र अधिकार :** (१) नगरपालिका क्षेत्रमा संचालनमा रहेका तथा संचालनमा आउने खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई सुचिकृत गरी खानेपानीको धाराको जडान तथा खानेपानीको महसुल निर्धारण गर्न एकरुपता कायम गर्ने तथा नगरपालिकाभित्र संचालनमा रहेका खानेपानी आयोजनाहरुलाई सहयोग र समन्वय गर्न नगरपालिकास्तरीय खानेपानी व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः

(क) खानेपानी व्यवस्थापन समितिको सचिवालय स्थापना गरी सञ्चालनमा ल्याउने,

(ख) नगरपालिका खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थापन सुचना प्रणाली स्थापना गरी खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धी सुचना तथा तथ्याङ्क व्यवस्थापन गरी अद्यावधिक गर्ने,

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन वा पुनर्गठन गर्न गराउन आवश्यक सहयोग र समन्वय गर्ने ।

(घ) अनुगमन तथा मुल्यांकन पद्धति स्थापना गरी आवधिक रुपमा खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) नगरपालिका स्तरमा खानेपानी तथा सरसफाई उपभोक्तासंस्थावा समिति द्वारा सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुको मर्मत सम्भार कोष स्थापना गरी कोष बृद्धि गराउन सम्बधित सरोकारवालाहरुलाई प्रोत्साहित गर्न लगाउने ।

(च) योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको अवस्थाको आधारमा उपभोक्ता समितिलाई पुरस्कार तथा दण्डको पद्धति स्थापना गरी कार्यान्वयनमा ल्याउने ।

(छ) खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा आवश्यक सहयोग, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य तोक्ने र सो को अनुगमन गर्ने ।

(ज) योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धि वार्षिक प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्ने

(झ) खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई क्षमताअभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

(ञ) नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई क्षेत्रमा भैपरी आउने कार्यहरु गर्ने गराउने ।

**६. खानेपानी धारा सम्बन्धी व्यवस्था** : (१) खानेपानी आयोजना निर्माण गर्दा एक घर एक धाराको अवधारणा अनुसार काम गर्नुपर्नेछ ।

(२) धारा जडान गर्दा निजी धारा वितरणमा लाग्ने फिटिङ (फेरुल, पानी मिटर र स्याडल आदी) लगायतका फिटिङ अनिवार्य रुपमा जडान गर्नुपर्नेछ ।

(३) खानेपानी आयोजना धारा निर्माण गर्दा खानेपानी उपभोक्ता समिति आफुले गरेको निर्णय अनुसार आफ्ना उपभोक्ताहरुलाई प्रत्येक घरधुरीमा धाराको साइजको न्युनतम मापदण्ड तोकी सोहि साइज नघट्ने गरी धारा बनाउन लगाउनु पर्दछ ।

(४) उपदफा (३) बमोजिम तोकीएको धाराको साइजको न्युनतम मापदण्ड नगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।

(५) नगरपालिकाले खानेपानीको धाराको साईजको न्यूनतम मापदण्ड तोकेको अवस्थामा सबै खानेपानी तथा सरसफाई उपभोक्ता समितिले सोहि मापदण्ड अवलम्बन गर्नु पर्नेछ ।

**७. धारा जडान महसुल तथा खानेपानी उपभोगको लागि लिईने खानेपानी महसुल** : (१) धारा जडान महसुल तथा खानेपानी उपभोगको लागि लिईने खानेपानी महसुल सम्बन्धि व्यवस्था अनुसूचि (३) बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम बाहेक कुनैपनी खानेपानी तथा सरसफाई उपभोक्ता समितिले महसुल उठाउन पाउने छैन ।

(३) उपदफा (१) बमोजिम तोकिएको भन्दा बढी महसुल उठाउने उपभोक्ता समितिलाई नगरस्तरीय खानेपानी व्यवस्थापन समितिले पहिलो पटकलाई सचेत गराउन सक्ने छ ।

(४) उपदफा (१) बमोजिम सचेत गराउँदा समेत अटेर गरी यस ऐनमा उल्लेख भए भन्दा बढी महसुल उठाउनेलाई पहिलो पटक रु १००० दोश्रो पटक रु.३००० जरीवाना गर्ने र पटक पटक गल्ती दोहोऱ्याएको पाईएमा रु.५०००. जरिवाना गर्नेछ ।

(५) उपदफा (४) अनुसारको जरिवाना नतिर्ने उपभोक्ता समितिबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

**८. मर्मत सम्भार कार्ययोजना** : (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिले आफ्नो आयोजनाको मर्मत सम्भार कार्ययोजना हरेक बर्ष बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना सम्बन्धित उपभोक्तासंस्थावा समितिले खानेपानी व्यवस्थापन समितिमा पेश गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको कार्ययोजना अनुसार कार्यसम्पन्न भएपश्चात त्यसको प्रगति प्रतिवेदन नगरस्तरीय खानेपानी व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

(४) आयोजनाको मर्मत सम्बन्धमा नगरस्तरीय खानेपानी व्यवस्थापन समितिको निर्देशनको पालना गर्नु खानेपानी तथा सरसफाई उपभोक्ता संस्थावासमितिको कर्तव्य हुनेछ ।

**९. पानी सुरक्षा योजना** : (१) खानेपानी उपभोक्ता समितिले आफ्नो आयोजनामा खानेपानी सुरक्षा टोली गठन गरी सोको कार्ययोजना बनाई सोही अनुसार काम गर्नुपर्नेछ ।

(२) दफा (१) बमोजिमको खानेपानी सुरक्षा टोली गठनको एक प्रति नगरपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

**१०. साधारण सभा :** (१) खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ६७%(दुई तिहाई) घरहरुवाट प्रतिनिधित्व गराई खानेपानी उपभोक्ता समितिले प्रत्येक बर्षकम्तीमा एक पटक साधारण सभा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम साधारण सभा गर्नुपूर्व नगरपालिकालाई अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी प्राप्त भएपछि नगरपालिकाबाट एक जना प्रतिनिधि पठाइनेछ ।

(४) उपदफा (३) बमोजिम खटाईएको प्रतिनिधीले निश्पक्ष तथा स्वतन्त्र भुमिका निर्वाह गर्नुपर्ने छ ।

**११. खानेपानी तथा सरसफाई उपभोक्ता समितिको सम्पति :** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको चल अचल सम्पतिको रेखदेख सम्बन्धित उपभोक्ता समितिले गर्नेछ ।

(२) उपभोक्ता समितिका पदाधिकारी वा कर्मचारीले कुनै सम्पति दुरुपयोग गरेमा सोको कानुनी उपचारका लागि नगर स्तरीय खानेपानी व्यवस्थापन समितिलाई अनुरोध गरेमा नगरस्तरीय खानेपानी तथा सरसफाई संस्थावासमितिले आवश्यक सहजीकरण गरिदिनेछ ।

(३) उपदफा (२) बमोजिमको समस्या समाधान हुन नसकेमा प्रचलित कानुन बमोजिम न्यायिक निकायमा न्याय निरुपणको लागि जान सकिनेछ ।

**१२. नियमावली, कार्यबिधी, तथा मापदण्ड बनाउन सक्ने** : (१) यस ऐन एवं अन्य प्रचलित कानुनको अधिनमा रहि नगरपालिकाले खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन सम्बन्धमा नियमावली, कार्यबिधितथा मापडण्ड बनाउन सक्नेछ ।

**१३. समितिको विघटन र त्यसको परिणाम** : (१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस समिति विघटन भएमा अथवा खानेपानी उपभोक्ता समितिले आफुले बनाएको विधान अनुसार काम नगरी आयोजना भताभुङ्ग बनाएमा, नेपाल सरकारको खानेपानी ऐन

२०५०, खानेपानी नियमावली २०५५ , खानेपानी बोर्ड ऐन २०६३, जलश्रोत ऐन, २०४९ जलश्रोत नियमावली, २०५० र यस सुनवल नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन ऐन, २०७७" अनुसार काम नगरेमा नगरस्तरीय खानेपानी व्यवस्थापन समितिले जुनसुकै बेला यसरी नियमानुसार नचल्ने उपभोक्ता समितिलाई विघटन गर्न सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा प्रचलित कानुनले तोके बमोजिम सर्नेछ ।

(३) उपदफा (२) बमोजिमको भएको अवस्थामा अन्य दायित्व सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१४. वाधा अड्काउ फुकाउ :** (१) यस ऐनको कार्यान्वयनमा कुनै वाधा अडकाउ आईपरेमा नगर सभाले वाधा अडकाउ फुकुवा गर्न सक्नेछ ।

**१५. संशोधन, खारेजी तथा वचाउ :** (१) यो ऐन आवश्यकता अनुसार नगर सभाले संशोधन, परिमार्जन वा खारेज समेत गर्न सक्नेछ ।

(२) यस ऐन उल्लेख भएका कुराहरुको हकमा यसै ऐन अनुसार र उल्लेख नभएकाको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

अनुसूची-१
(दफा (१) को उपदफा (२) संग सम्बन्धित)
निवेदनको ढाँचा

**श्री नगरस्तरीय खानेपानी तथा व्यवस्थापन समिति,**

**सुनवल, नवलपरासी( व.सु.प.) ।**

**विषय : खानेपानी तथा सरसफाई उपभोक्ता समिति सुचिकृत सम्बन्धमा ।**

महोदय

यस ......................................... उपभोक्ता समितिलाई सुनवल नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन ऐन, २०७७ बमोजिम सुनवल नगरपालिकामा सुचिकृत गराउनुपर्ने भएकोलेसोका लागि देहायको विवरण खुलाई निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।साथै यस उपभोक्ता समितिको विधान/ . . . . . . . . . . . .को प्रमाणित प्रतिलिपी थान १ (एक) यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

विवरण :

१. खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नाम : ....................................................

२. कार्य क्षेत्र :

३. उद्देश्यहरु :

४. कार्यसमितिका पदाधिरीहरुको नाम, ठेगाना र पेशा

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

(ज)

५. उपयोग गरिने जलस्रोतको विवरण :-

(क) जलस्रोतका नाम र रहेको ठाउँ :-

(ख) जलस्रोतबाट गरिने प्रयोग :-

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :-

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग :-

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :-

(क) सेवाको किसिम :-

(ख) सेवा पुऱ्याउने क्षेत्र :-

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको सख्या :-

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :-

७. आर्थिक स्रोतको विवरण :-

८. कार्यालय रहेको ठेगाना :-

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सही :

नाम :

पद : अध्यक्ष

अनुसूची-२

(दफा (१)को उपदफा (३) सँग सम्बन्धित)

उपभोक्ता समिति सुचिकृत प्रमाण पत्र

दर्ता मिति :

दर्ता नम्बर :

श्री ..................................................

.....................................................

त्यस.................................................ले मिति .........................मा दिएको दरखास्त अनुसार समिति सुचिकृत गरी यो प्रमाण पत्र प्रदान गरिएको छ । यस सुनवल नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन ऐन २०७७' को दफा (१)को उपदफा (३) बमोजिम नगरस्तरीय खानेपानी व्यवस्थापन समितिको मिति........................... गतेको निर्णयानुसार निम्नानुसार विवरणमा उल्लेख भए बमोजिम उपभोक्ता संस्था यस कार्यालयमा सुचिकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । यस नगरपालिकाको खानेपानी सरसफाई उपभोक्ता संस्था व्यवस्थापन ऐन २०७७ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

प्रमाणित गर्नेको सही : ..................

नाम, थर : ................................

पद : ..................................

मितिः.............................

अनुसुचि (३)

दफा (४) को उपदफा (१) संग सम्बन्धित
धारा तथा खानेपानी महसुल

सुनवल नगरपालिकाको धारा जडान तथा  खानेपानी महसुल तपशिल बमोजिम हुनेछ

१ ०-५ युनिट - रु.५०/-
२ ६-१० युनिट - रु १००/-
३ ११-२० युनिट – रु २२ प्रति युनिट
४ २१-३० युनिट- रु २५ प्रति युनिट
५ ३१ युनिट र माथि - रु ३५/- प्रति युनिट

धारा जडान प्रति घरधुरी बढीमा रु. १०,०००/-
१ युनिट = १००० लिटर